AMNESTY INTERNATIONAL

AMNESTY INTERNATIONAL NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

मितिः २०७९ असोज ९

श्री संयोजकज्यू,

एम्नेस्टी इन्टरनेसनल नेपालमा आवद्ध सम्पूर्ण
समूह, युथ नेटवर्क र निर्माणाधीन समूहहरू,

**विषय : एम्नेस्टी नेपालको ३१ औं साधारण सभाको मिति तथा साधारण सभामा सहभागिता सुनिश्चितताका लागि वैधानिक आवश्यकताहरू पूरा गर्ने सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा मिति २०७९ असोज ७ र ८ मा बसेको नेसनल बोर्ड बैठकले एम्नेस्टी इन्टरनेसल नेपाल शाखाको **३१ औं साधारण सभा मिति २०७९ साल पौष २ गते (१७ डिसेम्बर २०२२)** मा गर्ने निर्णय गरेको व्यहोरा यहाँहरू सबैलाई यसैसाथ अनुरोध छ।

मिति २०२२ भाद्र २७ गते प्रेशित गरिएको सर्कुलरको स्मरण गराउँदै एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (सन् २००१) को सातौं संशोधन २०७८ (सन् २०२१) को दफा १३.६ को उपदफा ३ बमोजिम *"समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कको साधारणसभा प्रत्येक वर्ष बस्नुपर्ने।"* भन्ने व्यवस्था रहेको यहाँहरूलाई पुनः निवेदन गर्दछु। एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारणसभा नियमावली, २०६२ (सन् २००५) को पाँचौं संशोधन २०७८ (सन् २०२१) को नियम नं ६ मा *"एम्नेस्टी नेपाल शाखाको वार्षिक साधारणसभा हुनुभन्दा दुई महिना अघिसम्म आफ्नो साधारणसभा सम्पन्न नगर्ने समूह वा निर्माणाधीन समूह र युथ नेटवर्क वा निर्माणाधीन युथ नेटवर्कबाट साधारणसभामा प्रतिनिधित्व हुने छैन।"* भन्ने व्यवस्था रहेको पनि पुनः स्मरण गराइन्छ।

एम्नेस्टी नेपाल शाखाको ३० औं वार्षिक साधारणसभा मिति २०७८ चैत्र १८ र १९ मा सम्पन्न गर्ने क्रममा समूह, निर्माणाधीन समूह र युथनेटवर्कहरूलाई **मिति २०७८ माघ १८ गते** भित्र विधिवत आ-आफ्नो साधारण सभा सम्पन्न गर्न सूचित गरिएको र उक्त साधारण सभामा सहभागी भएका समूह वा युथनेटवर्कहरूको पछिल्लो साधारण सभापछिको अवधि ३१ औं साधारण सभाका लागि तय गरिएको मिति २०७९ पौष २ गते पछि मात्र एक वर्ष पुगेको हुन सक्ने विषयलाई मध्यनजर गर्दै ३० औं साधारण सभामा सहभागी भएका समूह र युथनेटवर्कहरूको हकमा ३१ औं साधारण सभामा सहभागितका लागि ३१ औं साधारण सभा भन्दा दुई महिना अघि अर्थात **कार्तिक २ गते (१९ अक्टोबर)** भित्र साधारण सभा नगरे पनि हुने यसैसाथ सूचित गरिन्छ। यद्यपि ३१ औं साधारण सभामा सहभागिताका लागि उल्लिखित सबै समूह र युथनेटवर्कहरूमा विधानबमोजिम निर्धारित ५० सदस्य सङ्ख्या भने अनिवार्य रूपमा पुगेको हुनुपर्नेछ। तीसौं साधारण सभामा सहभागी नभएका समूह र युथनेटवर्कहरूले भने ३१ औं साधारण सभामा सहभागिताका लागि **मिति २०७९ कार्तिक २** गते भित्र अनिवार्य रूपमा विधानबमोजिम आफ्नो सदस्य सङ्ख्या न्यूनतम ५० पुर्याई साधारण सभा सम्पन्न गरेको हुनुपर्नेछ।

धन्यवाद,

शचिता कुईंकेल
महासचिव, एम्नेस्टी इन्टरनेसनल नेपाल